website: www.banphikotmun.gov.np
Email: ito.banphikotmun@gmail.com

बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बाँफिकोट गाउँपालिका रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

पत्र संख्या : ०७७।०७८
चलानी नम्बर : १८२४

मिति: २०७८/०१/३१

**बाँफिकोटगाउँपालिकावासी सम्पुर्ण आम जनसमुदायमा जारी अपील**

कोभिड १९को महामारीले हाम्रो देश यतिवेला ठुलो संकटमा रहकेको छ ।कोभिड १९ को आधिकारिक उपचार पद्दति तथा औषधी पत्ता नलागेको र महामारीले संकटको रुप लिइसकेकोले सङ्क्रमण रोकथामका उपायद्वारा आफु,आफ्नो परिवार, समुदायलाइ सुरक्षित राख्न आ-आफ्नो तर्फबाट जिम्मेवारीको पालना गर्नुपर्ने भएको छ। बाँफिकोट गाउँपालिकामा मिति २०७८।१।२८ गते वडा नं १० मा गरिएको ३ जनाको एन्टीजिन परीक्षणमा २ महिला र १ पुरुषको रिपोर्ट पोजिटिभ देखिएको, मिति २०७८।१।२९ गते वडा नं ३ मा गरिएको १६ जनाको परीक्षणमा २ महिला ६ पुरुषको रिपोर्ट पोजिटिभ देखिएको, मिति २०७८।१।३० गते वडा नं ५मा गरिएको ६ जनाको परीक्षणमा ४ जना पुरुषको रिपोर्ट पोजिटिभ देखिएको, मिति २०७८।१।३० गते वडा नं ६मा गरिएको १७ जनाको परीक्षणमा ४महिला र ४ पुरुषको रिपोर्ट पोजिटिभ देखिएको अवस्थाले पनि कोभिडको सङक्रमण समुदायस्तरमा फैलिइसकेको छ ।

रुकुम पश्चिम जिल्लाभर मिति २०७८।१।१९ गतेदेखि निषेधाज्ञा जारी गरिएको समयमा समेत आम जनसमुदायबाट सामाजिक दुरी र सुरक्षा सावधानीका उपायहरु प्रयोगको वेवास्ताका कारण कोभिड १९ को सङक्रमण समुदायस्तरमा बढ्दै गएकोले सवै बाँफिकोट गाउँपालिकावासी आम जनसमुदायमा आ-आफ्नो घरमा सुरक्षा सावधानी अपनाइ बसीदिनुहुन, खाद्यान्न र तरकारी पसल विहान ७ वजेदेखि ९ वजेसम्म मात्र सुरक्षा सावधानी अपनाइ सन्चालन गर्नुहुन हार्दिक अपील गर्दछु ।साथै यस कार्यमा सहयोग गरिदिनुहुन उपाध्यक्ष, वडा अध्यक्ष, गाउँकार्यपालिका सदस्य, वडा समिति सदस्य, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, समाजसेवी, युवा लगायत सवैलै आ आफ्नो स्थानबाट सहयोग गरिदिनुहुन हार्दिक अपिल गर्दछु । विरामी भइ अस्पताल जानु पर्ने भएमा वा अन्य सहयोग आवश्यक परेमा गाउँपालिका कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

धर्मबहादुर के.सी.
अध्यक्ष

धर्मबहादुर के.सी
अध्यक्ष